# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेलडाँडी गाउँपालिका

कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बेलडाँडी गाउँपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बेलडाँडी गाउँपालिका

कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ ।आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् ।त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बेलडाँडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड २७ लाख २९ हजार बेरुजु देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७४ लाख ३१ हजार र नियमित गर्नुपर्ने रु. ४७ लाख ७९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ५ करोड ३६ लाख ७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ६३ लाख ३६ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेलडाँडी गाउँपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ६९ | १२७२९ | ० | ० | ० | ६२ | ६९ | १२७२९ | ५१७ | ४७७९ | ७४३१ | ० | ० | १२२१० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेलडाँडी गाउँपालिका, कञ्चनपुर | ५३६०७ | ० | ० | ५३६०७ | ० | १२७२९ | ६६३३६ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बेलडाँडी गाउँपालिका, कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Padam Raj Joshi | २०७८-१०-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Santosh Joshi | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १२,७२९,१३६.९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,०७,१८,७६४.८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २४,१८,७९,००० | **चालु खर्च** | १८,५२,४३,२९८.५९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,१०,६५,५१६ | **पूँजीगत खर्च** | १०,२६,९९,४६५.४५ |
| **राजश्व बाँडफाँट** | ६,०२,७१,७३९.५४ | **वित्तीय/अन्य व्यवस्था** | ११,०७,१२,५५४ |
| **आन्तरिक आय** | ४४,८२,५५४.१४ | | |
| **अन्य आय** | ८,७४,१७,०१४.७७ | | |
| **कुल आय** | ४०,५१,१५,८२४.४५ | **कुल खर्च** | ३९,८६,५५,३१८.०४ |
| **बाँकी मौज्दात** | | ४,७१,७९,२७१.२२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा,३६.५४ किलोमिटर क्षेत्रफल तथा २९४२८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७६७३९३५६।० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१९८५०००।० समेत गरी रु.७८७२४३५६।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२३५१६६६।५१, यस वर्षको प्राप्ति रु.१०२३४११००।८५,यस वर्षको भुक्तानी रु.१०२८१५६४८।३५ र बैङ्क मौज्दात रु.१८७७११९।० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३८३६७०९८.३ | ३०२७७४७२४.२९ | २९५८३९६७०.३७ | ४५३०२१५२.२२ |
| एकीकृत आर्थिक विवरण अनुसार | ४०७१८७६४.८१ | ४०५११५८२५.१४ | ३९८६५५३१८.७२ | ४७१७९२७१.२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| फरक | २३५१६६६.५१ | १०२३४११००.८५ | १०२८१५६४८.३५ | १८७७११९. |

</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४०५६९०००।० मौज्दात रहेकोमा यो वर्ष रु.४०७१८७६४।८१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४९७६४।८१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९।३।३२को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | ३९२३०३५४।५३ | ९९८६८०९।३४ | (२९२४३५४५।१९) |
| २ | चालु खर्च खाता | ० | १७२७४७०७।४५ | १७२७४७०७।४५ |
| ३ | पुजि खर्च खाता | ० | १६७९९७८८।५५ | १६७९९७८८।५५ |
| ४ | आन्तरिक राजश्व खाता | ० | १४४८०९।६५ | १४४८०९।६५ |
| ५ | विविध खर्च खाता | १४०२९६४।५९ | ३३८८२८९।८८ | १९८५३२५।२९ |
| | | ४०६३३३१९।१२ | ४७५९४४०४।८७ | ६९६१०८५।७५ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>· स्थानियसरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>· कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>· निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कमला देवी कार्कीले मिति २०७८।३।१० गते रु.३६ करोड ४९ लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । तसर्थ समयमा नै अख्तियारी दिनुपर्दछ । | |
| ५.२ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा) | |

| **बजेटउपशीर्षक** | **बजेटरखर्च** | | **प्रथमचौमासिक** | | **दोस्रोचौमासिक** | | **तेस्रोचौमासिक** | |
|---|---|---|---|---|---|---|---|---|
| | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** |
| चालु खर्च तर्फ | २३२७४९ | १८५२४३ | ६४९२३ | ४६३६३ | ६४६१३ | ५३८७० | ७३६३३ | ८७७०९ |
| पुंजीगत खर्चतर्फ | ११३५०६ | १०२६९९ | २३७५४ | १०३० | ३९८० | २७६३२ | २७६९९ | ७४०३६ |
| जम्मा | ३४६२५५ | २८७९४२ | ८८६७७ | ४७३९३ | ६८५९३ | ८१५०२ | १०१३३२ | १६१७४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.२८ करोड ७९ लाख ४२ निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ७३ लाख ९३ हजार अर्थात १६.४६ प्रतिशत, दोस्रो चौमासिकमा रु.८ करोड १५ लाख २ हजार अर्थात २८.३० प्रतिशत र तेस्रो चौमासिकमा रु.१६ करोड १७ लाख ४५ हजार अर्थात ५६.१७ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियमामा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९७०० | १५१४८ | ५.२६ |
| २ | पूर्वाधार विकास | ८६००७ | ७८१२२ | २७.१३ |
| ३ | सामाजिक विकास | १५११७२ | १२२४८७ | ४२.५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१२८१५</td><td>४७५२</td><td>१.६५</td><td></td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७६५६१</td><td>६७४३२</td><td>२३.४२</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४६२५५</td><td>२८७९४१</td><td colspan="2">१००.०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४२.५४ प्रतिशत र बातालरण तथा विकासमा सबै भन्दा घटी शुन्य प्रतिशत खर्च गरेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>
योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २४१ योजनामा वजेट विनियोजन गरेको छ। (रकम रु. हजारमा)
<table>
<tr><td colspan="2">रु. १ लाख सम्म</td><td colspan="2">रु. १ लाख देखि २ लाखसम्म</td><td colspan="2">रु. २ लाखदेखि ५ लाख सम्मका</td><td colspan="2">रु. ५लाख देखि १० लाख सम्मका</td><td colspan="2">रु. १० लाखभन्दा बढीको</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>३८</td><td>३०६८</td><td>५१</td><td>९६०८</td><td>६१</td><td>२४१३५</td><td>१५</td><td>१२२८१</td><td>१७</td><td>३५३०५</td><td>१८२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. २० हजार देखि ४५ लाख सम्मका जम्मा १८२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भइ लागत प्रभावी नहुने तथा निमार्ण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ । | |
| ५.६ | | | **गत वर्षको दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ भित्र भुक्तानी बाँकी विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा विभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.२४२३५४१।० भुक्तानी बाँकी रहेको विवरण राखि आन्तरिक लेखापरीक्षक र कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यस वर्षको बजेटमा गत वर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । यस्तै यो आर्थिक वर्षमा पनि रु.१३२१५१८।० भुक्तानी बाँकी रहेको विवरण पेश गरेको छ । वार्षिक वजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुवर्षिय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी काम गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ५.७ | | | **रकमान्तर -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू.३ करोड ४३ लाख ७१ हजार अर्थात कुल बजेट रू.३४ करोड ६२ लाख ५५ हजारको ९.९३ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५.८ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४४ लाख ८२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.३१ करोड ३२ लाख १६ समेत रु.३१ करोड ७६ लाख ९९ हजार आम्दानी भएकोमा चालु तर्फ रु.१८ करोड ५२ लाख ४३ हजारा र पूँजिगत तर्फ रु.१० करोड २६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाख ९९ हजार र बित्तिय व्यबस्था तर्फ रु.०.० समेत रु.२८ करोड ८९ लाख ४२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.४३ लाख ९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९६.१४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.५७ प्रतिशत चालु र ३२.४३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ ।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ७५ जननालाई रु.३,०००/- देखि रु.१०,०००/- सम्म कुल रु. ३,६३,५००.०० आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४४,८२,५५४.१४ को ८.१० प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| ७ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक आय रु. ४४,८२,५५४.१४ रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १०,३४,०००.०० खर्च गरेको पाईयो ।यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | तय गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य पालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १० | | | **प्रकोप व्यबस्थापन-**<br><br>कार्यालयले कोभिड प्रकोप व्यबस्थापनका सन्दर्भमा गत वर्षको मौज्दात रु.२,३६,५६२।५० मध्ये पारिश्रामीक ज्यालादारीका कर्मचारी रु. १,५३,४६६, औषधि ढुवानी रु. १०,०००, अक्सिजन ग्यास रु. १०,१००, घरधुरी सर्वेक्षण रु. २९,२००, समान खरिद रु. १९,२०० खर्च गरी बाकि मौज्दात रु. ४,५९६।५० रहेको विवरण पेस गरेको छ । औषधि लगायतका स्वास्थ्य सामग्री खरिद एवं वितरण, राहात वितरण, क्वारेन्टाइन सञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन । | |
| ११ | | | **बेरुजु लगत**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्र्यौट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| १२ | | | **दरबन्दी पदपूर्ति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थीय तहको कार्यबोज, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वक्षेणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रशासन, सव-इन्जिनियर सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशाक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर नगरपालिकाले विभिन्न पदमा ५८ जना कर्मचारीहरु करारमा राखि रु.१,२१,१५,१८०.००खर्च लेखेको छ। कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण द्वारा कार्यवोझ विश्लेषण गरी सृजना भएका दरबन्दीका पदहरुमा स्थायी पदपूर्ति नभए सम्मका लागि करारमा कर्मचारी राखेर कार्य सम्पादन गर्नुपर्दछ । | |
| १४ | | | **कर्मचरी कल्याणकारी कोष**<br><br>स्थानीइ सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्मा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलब बाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रु.६६३८८८।९१ लाख ट्रान्फर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले अनुदान रकम सोझै कर्मचारी कल्याणकारी कोषमा ट्रान्सफर गर्ने भन्दा कानून निर्माण गरी योगदानमा आधारित रहि कोषमा रकम जम्मा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट प्रवाह गरेको सेवा प्रवाह सम्बन्धि विवरण (पञ्जीकरण, घटना दर्ता, सडक मर्मत/कालोपत्र आदि) माग गरेकोमा लेखापरीक्षणको क्रममा उक्त विवरण उपलब्ध भएन । जसबाट पालिकाले प्रवाह गरेको सेवा सम्बन्धमा एकिन हुन सकिएन । अतः पालिकाबाट शाखागत रुपमा हुने कार्यको अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउनुपर्दछ । | |
| १६ | | | **निजि विद्यालय व्यवस्थापनः**<br><br>यस पालिकामा १२ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| १७ | | | **बेमौसमी वर्षाको क्षतिपूर्ति**<br><br>२०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवाली क्षतिको राहत स्वरुप पालिकालाइ प्राप्त भएको रु.३२९४४४९।९२ मध्ये रु. २०७५२२१ वितरण गरेको छ । वितरण गरेर बाँकि रहेको रु. १२१९२२८।९२ सम्बन्धित निकायलाई फिर्ता गरेको प्रमाण पेस गर्नुपर्ने रु. | १,२१९,२२८.९२ |
| १८ | | | **औषधिको गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ३५,९१,७५५.१४ बराबरको औषधी खरिद गरेको पाईयो । बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **अनुदानको अनुगमन र मूल्यांकनः**<br><br>अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ । | |
| २० | १३२ | २०७९-३-२४ | **गाई पकेट विकास कार्यक्रमः**<br><br>पालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गाईको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्याक्रममा हरिकिशन भैंसी पालन फर्मलाई गोठ निर्माण तथा १० वटा गाई र ३ वटा साँढे खरिद वापत रु.१०,९६,९२६.०० भुक्तानी गरेको पाईयो ।फर्मले खरिद गरेको गाई तथा साँढे निरोगि भएको प्राविधिकको प्रमाण देखिएन । कृषक छनौटको आधार समेत स्पष्ट रुपमा अभिलेख राखेको पाईएन ।साथै कार्यक्रम संचालन भए पश्चात उक्त कार्यक्रम निरन्तर रुपमा चलिरहेको भनी अनुगमन प्रतिवेदन पेश भएको समेत पाइएन । | |
| २१ | | | **शिक्षक दरवन्दी र पदपुर्ति-**<br><br>शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |
| २२ | | | **दोहोरो सुविधा भुक्तानिः** | ७३,६५६ |

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये राहत | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १४ | ९१ | ९१ | ३७ | ४५५९ | १:५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ। सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई संघिय सशर्त अनुदानबाट पारिश्रामिकको व्यवस्था भए पनि गाउँपालिकाले सरस्वती जनता मा.वि.वैवाह ४ का देहायबमोजिम शिक्षक,कार्यालय सहायक र कार्यालय सहयोगिलाई शैक्षिक गुणस्तर सुधार वापत शैक्षिक सत्र २०७८ मा विद्यालय संचालन भएको दिन बाहेकका दिनमा कार्यालयले गर्नैपर्ने नियमित प्रशासनिक कार्य गरे वापत ग्रेड सहित रु.७३,६५६.०० भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>शिक्षकको नाम</th><th>मासिक तलब भत्ता</th><th>ग्रेड</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>नन्द बहादुर रोकाया (प्रधानाध्यापक)</td><td>३०,२००.००</td><td>८,०५६.००</td><td>४४,४८१.६</td></tr>
<tr><td>२</td><td>रतन सिंह खत्री</td><td>१७,०००.००</td><td>३,४००.००</td><td>२०,४००.००</td></tr>
<tr><td>३</td><td>लाल बहादुर खत्री</td><td>१५,०००.००</td><td>०.००</td><td>१५,०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७३,६५६.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बीउ वितरणः<br><br>पालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत छनौट भएका विभिन्न कृषक फर्म तथा समूह मार्फत उन्नत जातको धानको बिउ वितरणतर्फ २८० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१२,४३,०००.००, गहुँको बिउ वितरणतर्फ २३५ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.८,७०,०००.०,मकैको बिउ बितरणतर्फ ११५ जना कृषकलाई रु.५०,०००.०० र च्याउको बिउ वितरणतर्फ ७५ जना कृषकलाई रु.२,१०,०००.०० गरी कुल रु.२३,७३,०००.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । | |
| २४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सडक नाला, मोटर बाटो, ट्र्याक खोल्ने कार्य लगायतका २० वटा कार्यक्रम सञ्चालन गरी २० योजना मार्फत यस वर्ष ४०३ जनालाई रोजगारी उपलव्ध गराई रु.६०,७६,२७९।०० खर्च गरेको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| २५ | | | **औषधि खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ३५,९१,७५५.१४ को औषधी सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन,<br><br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br><br>• आपुर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br><br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,<br><br>तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २६ | | | **आरक्ष पिडित संघर्स समिति व्यवस्थापन कार्यक्रम** | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुनै कार्यक्रम वा शिर्षकमा बजेट विनियोजन भएको रकम सोही कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । पालिकाले आरक्ष पिडीत संघर्स समिति व्यवस्थापन कार्यक्रम को रकम सोही कार्यक्रममा खर्च गर्नुपर्नेमा पदाधिकारी सहितको टोली २०७८।११।२६ देखि १२।२ सम्म काठमाडौं गएको उल्लेख गरी गाडी भाडा वापत रु.७३५००।० र अन्य खाजा खाना र पानीको वील बापत रु.२६५००।० खर्च गरेको उल्लेख गरी लोकराज जोशी मार्फत भुक्तानी गरेको छ । यसरी काठमाडौं गएकोमा काठमाडौंमा समितिले गरेको कार्य प्रगतिको अवस्था दर्शाउने गरी कुनै प्रतिवेदन पेश गरेको देखिएन । अत व्यवस्थापन कार्यक्रममा विनियोजन भएको रकम कार्यक्रमसँग असम्बन्धित क्रियाकलापमा खर्च गर्नु मनासिव नदेखिएको रु. | |
| २७ | | | **छाडा चौपाय व्यवस्थापन खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा ४ जना हेरालुको पारीश्रमिक पशु चौपायको लागि पराल खरिद, ढुवानी लगाएतमा वार्षिक रु.४३२०००।० किसान मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूहलाई भुक्तानि गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ । उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँबाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| २८ | | | **वडा तर्फबाट विद्यालयलाई अनुदान**<br><br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना भई केही विद्यालयले वढी सुविधा प्राप्त गर्ने हुँदा अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं.</td><td>विद्यालय</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>२३६-१२।७</td><td>राधाकृष्ण आ.वि.</td><td>शिक्षक व्यवस्थापन — ५ जना शिक्षकको तलबी भर्पाइ पेश भएको</td><td>४०००००.०</td></tr>
<tr><td>२६७-१२।२९</td><td>सिद्दनाथ मा.वि.</td><td>शिक्षक व्यवस्थापन — ३ जना शिक्षकको तलबी भर्पाइ पेश भएको</td><td>३०००००.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td>३८</td><td>२०७८-७-७</td><td>भुमि व्यववस्था कार्यक्रम<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुमि व्यवस्था कार्यक्रम अन्तर्गत १३ जनालाई २०७९ श्रावण १ देखि १० गते सम्म काम गरेको डोर हाजिरीको आधारमा श्री हेमराज रेग्मी जोशी मार्फत रु.१७४२००।० भुक्तानी गरेको छ । यसरी पारिश्रमिक भुक्तानी गर्दा १३ जनाले १० दिनसम्म के कति कार्य गरेको हो सो को कार्यविवरण, सम्झौता, कार्य पश्चातको कार्य प्रगति/प्रतिवेदन लगाएतका कागजात संलग्न गरेको छैन । अत आवश्यक कागजात संलग्न नगरी डोर हाजिरीको आधारमा भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु.</td><td>१७४,२००</td></tr>
<tr><td>३०</td><td>१७</td><td>२०७८-६-२४</td><td>आवासिय कार्याक्रममा दै.भ्र.भत्ता भुक्तानी<br><br>पदाधिकारीलाई कामकाजको सिलसिलामा कार्यालय बाहिर होटल बास वस्नुपर्ने अवस्थामा होटलबास खर्च बापत तोकीएको दरमा दैनिक भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका पदाधिकारीलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि ३ दिने</td><td>४७,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आवासिय तालिम कार्याक्रममा सहभागि भए वापत दैनिक भ्रमण भत्ता वापत रु.४७६००।० भुक्तानी भएको छ । आवासिय तालिम कार्यक्रममा भुक्तानी भएको दैनिक भ्रमण भत्ता वापतको रकम असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>क.सं.</th><th>पदाधिकारी</th><th>पद</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कमला देवी कार्की</td><td>उपाध्यक्ष</td><td>६८००.०</td></tr>
<tr><td>२</td><td>लक्ष्मी भट्ट</td><td>का.पा. सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>३</td><td>सिता ओड</td><td>वडा सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>४</td><td>खगेश्वरी भण्डारी</td><td>का.पा. सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>५</td><td>रमा भण्डारी</td><td>वडा सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>६</td><td>पद्मा सुनार</td><td>वडा सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>७</td><td>तारा गिरी</td><td>वडा सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>८</td><td>मतिमा औजी</td><td>का.पा. सदस्य</td><td>५१००.०</td></tr>
<tr><td>९</td><td>कमला देवी ओखेडा</td><td>का.पा. सदस्य</td><td>५१००.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४७६००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td>३</td><td>२०७८-६-२२</td><td>निजी शिक्षकका लागि तलब अनुदान<br><br>पालिकाले निजी शिक्षकका लागि तलब अनुदान कार्यक्रम राखि वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड अनुदानको रकमबाट देहायबमोजिम शिक्षकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान भुक्तानी गरेको छ । यसरी पालिकाले स्पष्ट रुपमा शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी</td><td>१,८७६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मिलान नगरी विद्यालयले गत विगतदेखि आफ्नो आन्तरिक श्रोतबाट पारिश्रमिक भुक्तानी गरिराखेको शिक्षकलाई संघीय समानीकरण राजश्व बाँडफाँड अनुदानबाट प्रोत्साहन अनुदान बापत भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>भौ.नं.</th><th>भुक्तानी क्रियाकलाप</th><th>भुक्तानी रकम</th><th>शिर्षक</th><th>कैफियत</th></tr>
<tr><td>३ शिक्षा</td><td rowspan="2">सिंहपाल आ.वि. मा १ जना शिक्षकको पारिश्रमिक</td><td>९०६००.०</td><td rowspan="2">राजस्व बाँडफाँड</td><td rowspan="2">मासिक रु.३०२००.० का दरले</td></tr>
<tr><td>१७ शिक्षा</td><td>१५१०००.०</td></tr>
<tr><td>२० शिक्षा</td><td>१४ विद्यालयका ३८ निजि स्रोत शिक्षकलाई प्रोत्साहन अनुदान</td><td>१६३४४००.०</td><td>समानीकरण</td><td>प्रा.वि. १९ जना मासिक ३४००.० निमावि ११ जना मासिक ३६००.० र मा.वि. ८ जना मासिक ४०००.० का दरले भुक्तानी भएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८७६०००.०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>भ्रमण प्रतिवेदन नभएको<br><br>भ्रमण खर्च नियमावलि,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेकोछ।कार्यालयले आ.व.२०७८/७९ मा भ्रमण खर्च वापत रु.२२,६९,४५०.०० भुक्तानि गरेको पाईयो ।कार्यालयले विभिन्न समयमा पदाधिकारी र कर्मचारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न रहेकाले नियमावलिको व्यवस्था अनुसार गर्न ध्यान पुर्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>ईन्धन खर्च<br><br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.२४,२७,७९१.०० र पदाधिकारीका लागि रु.२,००,०००.०० गरी कुल रु.२६,२७,७९१.०० ईन्धन वापत खर्च भएको पाईयो ।कार्यालयले उक्त खर्च लेखदा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन । | |
| ३४ | | | **मर्मत खर्च**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु २७,५४,७७८.०० खर्च गरेकोमामर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ३५ | | | **घर भाडा**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.४,७७,४००.०० भुक्तानी गरेको पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ । | |
| ३६ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु अभिलेख राख्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**थप शुल्क तथा जरिवाना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यालयको आफ्नो जिम्मेवारी भित्रको विद्युत महसुल, सवारी नवीकरण शुल्क लगाएतका रकम भुक्तानी समयमा नगर्दा पालिकालाई देहायबमोजिम रु.७४७५८।० वढी व्ययभार पारी भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु.

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>कार्यालय/सवारी नं.</th><th>जरिवाना रकम</th></tr>
<tr><td>१</td><td>१४१-९।२</td><td>पानि तथा विजुली</td><td>बेलडाँडी गाउँपालिका</td><td>१०६०३.०</td></tr>
<tr><td>२</td><td>१४१-९।२</td><td>पानी तथा विजुली</td><td>प्राथमिक स्वास्थ्य केन्द्र</td><td>१६०१५.०</td></tr>
<tr><td>३</td><td rowspan="4">१७७-१०।१६</td><td rowspan="6">विमा तथा नवीकरण खर्च</td><td>म-१-ब-४०८</td><td>२९००.०</td></tr>
<tr><td>४</td><td>म-१-ब- ४७०</td><td>२६००.</td></tr>
<tr><td>५</td><td>म-१-ब-३०२</td><td>१४०४०.०</td></tr>
<tr><td>६</td><td>म-१-ग- ३०</td><td>१२६००</td></tr>
<tr><td>७</td><td rowspan="2">४५४-३।३२</td><td>से-१-क- ९५९</td><td>३२००.०</td></tr>
<tr><td>८</td><td>से-१-क- ९५९</td><td>१२८००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>७४७५८.०</td></tr>
</table>

</td><td>७४,७५८</td></tr>
<tr><td>३८</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **धरौटि तर्फ**<br><br>धरौटि तर्फ- सार्बजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी बाफतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश गरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. ३८४३३६ फिर्ता दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु. | ३८४,३३६ |
| ४० | | | **अन्लाइन राजस्व संकलन**<br><br>पालिकाले २०७८ कार्तिकबाट सफ्टवयरको प्रयोग गरी अन्लाइन मार्फत राजस्व संकलको व्यवस्था गरेको छ । तर सफ्टवयरले सुचारू रुपमा काम नगरेको राजस्व संकलनमा कार्यरत कर्मचारीहरुबाट गुनासो आएको देखियो । अतः उप्त समस्या समाधानका लागि पालिकाले आवश्यक कदम चाल्नुपर्दछ । | |
| ४१ | | | **ढिला राजश्व दाखिला-**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले उप्त रकममा व्याज समेत असूल गर्नुपर्ने रु. | ६१,४४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.स</th><th>वडा नम्बर</th><th>वडा सचिव</th><th>आम्दानी मिति</th><th>दाखिला मिति</th><th>रकम</th><th>जरीवाना</th></tr>
<tr><td>१</td><td>२</td><td>कमला बडाल</td><td>वर्षभरीको आम्दानी</td><td>२०७९/०३/३०</td><td>५,०५,८७७</td><td>५०५८७</td></tr>
<tr><td>२</td><td>४</td><td>ठग्गु चौंधरी</td><td>श्रावण १ देखि कार्तिक सम्मको<br>२०७८ माघ देखि बैशाख</td><td>२०७८/०७/०७<br>२०७८/१२/१७<br>२०७९/०३/३०</td><td>६५,४१०<br>२७,६७०<br>१५,४७०</td><td>६५४१<br>२७६७<br>१५४७</td></tr>
<tr><td></td><td colspan="4">जम्मा</td><td>६,१४,४२७</td><td>६१,४४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>निरीक्षण नभएको —<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येम महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । साथै राजस्व आम्दानी गर्दा मलेप फारामहरुको प्रयोग समेत गरेको पाइएन । स्तो अवस्थामा पालिकाले असुल गरेको राजस्व रु.४४,८२,५५४ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **बोलपत्र मार्फत खरिद** | |
| ४३.१ | | | **बीमा नगराएको —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार दश लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण सामाग्री, उपकरण, कामदार लगाएतको वीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालित १० लाख भन्दा बढी सम्झौता रकम भएका १३ निर्माण योजनाको रु.१ करोड ९५ लाख ७० हजार बराबरको निर्माण कार्यमा बीमा गराएको छैन । नियमावलीमा भएको व्यवस्था अनुसार बीमा गराउनुपर्दछ । | |
| ४३.२ | | | **खरिद अवधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गरि तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान दिनुपर्दछ । | |
| ४३.३ | | | पेश्की रकम खर्च- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४३.४ | | | योजना अनुगमन — पालिकाले मातहत सञ्चालित योजना अनुगमनको लागि एक अनुगमन समिति गठन गरेको छ । उक्त समितिले उपभोक्ता समितिबाट सञ्चालित अधिकांश योजना मात्र अनुगमन गर्ने गरेको देखियो । तर सोझै खरिद विधि, सिलबन्दी दरभाउपत्र तथा वोलपत्र विधिबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालित योजनाको अनुगमन गर्ने गरेको पाइएन । अतः पालिकाबाट सञ्चालित सबै प्रक्रियाबाट खरिद गरेका योजना अनुगमन गरी वित्तीय अनुशासन प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४४ | | | **उपभोक्ता समिति मार्फत खरिद** | |
| ४४.१ | | | **हस्तान्तरण नगरेको -**सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ४४.२ | | | **हेभी इक्युपमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालति हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । उक्त नियम नियमावलीको प्रतिवन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगाएतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँपालिकाबाट सहमति लिएको पाइएन । | |
| ४४.३ | | | **लागत सहभागिता —** पालिकाले आयोजना / कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकीएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४४.४ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **कागजात नभएको**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको भुक्तानीमा खर्च प्रमाणित गर्ने विल भर्पाइ लगाएका कागजात संलग्न नगरी खर्च लेखेकोले खर्च रकम प्रमाणित गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. | ८६,००० |

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिने | भुक्तानि रकम |
|---|---|---|---|
| २५९ गा.पा.पूँजीगत | प्रहरी कार्यालयको होडिङ्ग बोर्ड निर्माण | गणेश बहादुर सेट्टी | ५००००.० |
| २६० गा.पा. पुँजीगत | अन्य विविध खर्च | बेलडाँडी हुनैनाथ जनरल स्टोर | ३६०००.० |
| जम्मा | | | ८६०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **गुणस्तर परीक्षण —**<br><br>सार्वजनिक खरिद नियमावली, २०८४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएका सबै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ४७ | २१ | २०७९-३-२४ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुदान**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक | ५,५१८,००२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर आइ टी ल्याब र बिद्यालय पूवाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नहुँदै पेश्की नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन पेश्की जनाउनुपर्ने रकम नजनाई निकासा दिएको रकम रु.५५१८००२।० को सक्कल प्रमाण कागजात तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय</th><th>कार्यक्रम</th><th>रकम</th><th>प्रथम रनिङ्ग विल पेश</th><th>बाँकी</th></tr>
<tr><td>१</td><td>गणेश मा.वि.</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००.०</td><td>११०४५३५.०</td><td>२४९५४६५.०</td></tr>
<tr><td>२</td><td>बैजनाथ मा.वि.</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००.०</td><td>१४२०७३४.०</td><td>२१७९२६६.०</td></tr>
<tr><td>३</td><td>शैलेश्वरी मा.वि.</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००.०</td><td>१३६३४०४.०</td><td>४३६५९६.०</td></tr>
<tr><td>४</td><td>सिद्धनाथ मा.वि.</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००.०</td><td>१३९३३२५.०</td><td>४०६६७५.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०८०००००.०</td><td>५२८१९९८.०</td><td>५५१८००२.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td>२४</td><td>२०७९-३-२४</td><td>लागत साझेदारी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सिद्धचौक झोलुङ्गे पुल योजना रु.१३३२३५३।० मा सम्पन्न गर्ने गरी सम्झौतामा सरकार(SWAP)को रु.८६७०४०।०, गाउँपालिकाको रु.४०३२७१।० र जनश्रमदान रु.६२०४१।० बराबरको योगदान हुने उल्लेख छ । पालिकाले उक्त योजनाको अन्तिम विलसम्म भुक्तानीमा सम्झौता अनुपात अनुसार नै भुक्तानी गर्दा संघीय सरकार तर्फको योगदान रु.२९४८७९.० मात्र अन्तिम विलबाट भुक्तानी हुनुपर्नेमा रु.५१८४९६।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२२३६१७।० संघीय संचित कोषमा सोधभर्ना हुनुपर्ने रु.</td><td>२२३,६१७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>नविकरणीय उर्जा प्रविधि जडान<br><br>पालिकाले संघीय सरकारबाट जम्मा रु.१० लाख बजेट विनियोजन भएकोमा पालिकाले उक्त बजेटलाई २ पटक कोटेशन माग गरी सोझै त्रिवेणी गोवरग्याँस कम्पनीसँग सम्झौता गरि कार्य गरेको छ । जस अनुसार प्रथम पटक रु.४९८३००।० र दोस्रो पटक रु.४९७०००।० पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएको देखिन्छ । पालिकाले गोबरग्यास मर्मत गर्ने कार्यको लागि संस्थाले पेश गरे अनुसार कार्य गर्ने गरी सम्झौता गरेको छ तर कार्य सम्बन्धित लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । प्रस्ताव अनुसार कार्य गरेको र संस्थामार्फत कार्य सम्पन्न गरेको विवरणकै आधारमा कार्य सम्पन्न भएको र कार्य प्रभावकारी रुपमा भएको हो भनी एकिन गर्न सकिदैन । साथै उक्त कार्यको लागि दोस्रो पटकको खरिद सम्झौतामा रु.४९७०००।० पालिकाले र रु.१७५००.० सम्बन्धित संस्थाबाट लागत साझेदारी गर्ने उल्लेख भएकोमा जम्मा रु.४९७०००।० को मात्र कार्य गरेको विवरण पेश भएकोले संस्थाले व्यहोर्नुपर्ने अंश वापतको रकम रु.१६८९८।० सम्बन्धित संस्थाबाट असुल दाखिला गर्नुपर्ने रु.</td><td>१६,८९८</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>मोटरसाईकल खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले गाउँपालिका पूँजीगत तर्फको शिर्षकमा एकै प्रकृतिको सामाग्री खरिद कार्यमा फरक फरक कार्यक्रम राखी सोझै विधिबाट ५ थान मोटसाइकल खरिद गरी देहायबमोजिम रु.१३५७५००।० भुक्तानी गरेको छ । यसरी एकै कार्यलाई फरक फरक गरि टुक्राइ प्रतिस्पर्धा सिमित हुने गरी गरेको खरिद कार्या नियमसम्मत मान्न नसकिएको रु.<br><br><table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>आपूर्तिकर्ता</th><th>खरिद विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>५-२०७८।७।४</td><td>सवारी साधन खरिद</td><td></td><td>२ थान</td><td>४९७८००.०</td></tr>
<tr><td>२</td><td>६६-२०७८।१०।१६</td><td>वडा सचिवका लागि स्कुटि खरिद</td><td>ट्रेड एण्ड सप्लायर्स</td><td>१ थान</td><td>२६९९००.०</td></tr>
</table></td><td>१,३५७,५०० </td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ८३-२०७८।११।१ | सवारी साधन खरिद | किसान ट्रेडिङ कन्सर्न प्रा.ली. | १ थान | ३३४९००.० |
| ४ | १००-२०७८।११।२६ | वडा कार्यालयको लागि सवारी साधन खरिद | के.एम. इन्टरप्राइजेज | १ थान | २५४९००.० |
| | | जम्मा | | | १३५७५००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट निम्नानुसार रु. ११,७०,३५९.०० बराबरका कार्यालय सामाग्री को सोझै खरिद गरेको पाईयो ।प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको गर्ने कार्य नियमसंगत देखिएन । | |

| **क्र.सं** | **गो.भौ.नं/मिति** | **आपुर्तिकर्ताको नाम** | **सामानको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ४/२०७९-०२-२६(स्वास्थ्य पुँजिगत) | उग्रतारा ट्रेड सप्लायर्स | कार्यालय सामाग्रि(प्रोजेक्टर आदि) | ७२,४८०.०० |
| २ | ८/२०७९-०३-२३(स्वास्थ्य पुँजिगत) | उग्रतारा ट्रेड सप्लायर्स | कार्यालय सामाग्रि(प्रोजेक्टर आदि) | ६२,२३९.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३९१/२०७९-०३-२३(गा पा चालु)</td><td>उग्रतारा ट्रेड सप्लायर्स</td><td>कार्यालय सामाग्रि(प्रोजेक्टर आदि)</td><td>२,४२,४००.००</td></tr>
<tr><td>४</td><td>१०/२०७९-०३-२५(स्वास्थ्य पुँजिगत)</td><td>आरम्भ ट्रेड कन्सर्न</td><td>कार्यालय सामाग्रि(प्रिन्टर,ल्यापटप आदि)</td><td>२,९९,९९५.००</td></tr>
<tr><td>५</td><td>३९७/२०७९-०३-२४(गा पा चालु)</td><td>आरम्भ ट्रेड कन्सर्न</td><td>कार्यालय सामाग्रि(प्रिन्टर,ल्यापटप आदि)</td><td>४,९३,२४५.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११,७०,३५९.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ<br><br>सामाजिक सुरक्षा वितरण - पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. ७,७२,१३,०३१ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-</td><td></td></tr>
<tr><td>५२.१</td><td></td><td></td><td>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. ७,७२,१३,०३१ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-<br>सामाजिक सुरक्षा नियमावली, २०७७ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध गराएको छैन । निष्कृय खाता र रकम एकिन गर्न सकिएन । पालिकाले ति डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.३</td><td></td><td></td><td>सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । पालिकाका विभिन्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीलाइ दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु.<br><table>
<tr><th>क.स</th><th>सामाजिक सुरक्षाको प्रकार</th><th>वडा नं.</th><th>लाभग्राहिको नाम</th><th>जन्ममिति</th><th>नागरिकता नम्बर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जेष्ठ नागरिक</td><td>१</td><td>बाटुली लावड</td><td>२००८-२-३०</td><td>७८८५६०४</td><td>१२०००*४=४८०००</td></tr>
</table></td><td>११८,२२४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>जेष्ठ नागरिक एकल</td><td>२</td><td>नाउबी देवी मगर</td><td>१९६०-४-१२</td><td>१९२/१८०६१७२१</td><td>७९८०*४=३१९२०</td></tr>
<tr><td>३</td><td>जेष्ठ नागरिक एकल</td><td>२</td><td>तुली देवी रानाक्षेत्री</td><td>२००-१२-३०</td><td>१८०६०३९१</td><td>७९८०*४=३१९२०</td></tr>
<tr><td>४</td><td>बालपोषण</td><td>२</td><td>सौम्या टमटा</td><td>२०७४-२-४</td><td>२९</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१,१८,२२४।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
बैठक भत्ता<br><br>
अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ को वुँदा ७.१.१ अनुसार प्रयोजन खुल्ने गरि मात्र वैठक वस्ने, कानुन बमोजिम गठन भएका र एकै निकायका मात्र पदाधिकारी/कर्मचारी नभएको वैठकमा मात्र बैठक भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले आफ्नै कार्यविधि निर्माण गरि उक्त कार्यविधिमा वैठक भत्ता वितरण गर्न मिल्ने व्यवस्था गरि कार्यालयको दैनिक कामकाजको सिलसिलमा कार्यालय समयभन्दा फरक पर्ने गरि पालिकाका पदाधिकारी र कर्मचारी मात्र बैठक बसि देहायबमोजिम बैठक भत्ता बापत रु.१८००००।० भुक्तानी गरेको छ । निर्देशिकामा भएको व्यवस्था विपरित कार्यालयका पदाधिकारी र कर्मचारी मात्र वैठक बसी बैठक भत्ता वितरण गरेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>समिति</th><th>सहभागि संख्या</th><th>बैठक संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>७ शिक्षा</td><td>गाउँ शिक्षा समिति बैठक भत्ता</td><td>११ जना</td><td>६</td><td>५५०००.०</td></tr>
</table>
</td><td>१८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१३ शिक्षा</td><td>गाउँ शिक्षा समिति</td><td>१४</td><td>६</td><td>५००००.०</td></tr>
<tr><td>३</td><td>३१ शिक्षा</td><td>कक्षा- ८ परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति</td><td>९</td><td>६</td><td>५००००.०</td></tr>
<tr><td>४</td><td>१७६ गा.पा. चालु</td><td>लैङ्गिक मूलप्रवाहिकरण गाउँपालिका स्तरीय समन्वय समिति</td><td>२५</td><td>१</td><td>२५०००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>१८००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ ।उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट आ.व. २०७८/७९ मा रु. ४३,०९,५००.० सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>भत्ता भुक्तानी<br><br>बेलडाँडी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ११ अनुसार अनुगमन तथा सुपरीवेक्षण कार्यमा संलग्न रहने पदाधिकारीको भत्ता तथा अन्य सुविधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ । सूदुरपश्चिम प्रदेश सरकारले निर्धारण गरेको सेवा सुविधा सम्बन्धि ऐन अनुसार पालिका भित्रको अनुगमनमा कुनै सुविधा प्राप्त नहुने व्यवस्था छ । त्यस्तै पालिका भित्र तथा पालिका कार्यालय परिसरमा अनुगमन गरे बापत पालिकाका कर्मचारीलाई पनि कुनै सुविधा उपलब्ध गराउनु हुँदैन । पालिकाले ऐन तथा कार्यविधिमा भएको व्यवस्था विपरित देहायबमोजिम रु.२००१७५.० भुक्तानी गरेको छ । पालिका परिसरमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण भत्ता भुक्तानी गर्न मिल्ने आधार नभएकोले असुल गर्नुपर्ने रु.</td><td>२००,१७५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| भौ.नं. | कार्यक्रम | बापत | पदाधिकारी/ कर्मचारी | भुक्तानी रकम | करकट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३/ गा.पा. पुँजीगत | उ.स. गठन सम्बन्धित ५ दिने तालिम | अनुगमन तथा सुपरिवेक्षण | अध्यक्ष श्री धन ब. थापा क्षेत्री | ४५००.० | ६७५.० | ३८२५.० |
| | | | उपाध्यक्ष श्री कमला देबी कार्की | ४५००.० | ६७५.० | ३८२५.० |
| | | | प्र.प्र.अ. श्री गणेश दत्त भट्ट | ६०००.० | ९००.० | ५१००.० |
| २५/ गा.पा. पूजीगत | उ.स. गठन सम्बन्धित ३ दिने अभिमुखिकरण | अनुगमन तथा सुपरिवेक्षण | अध्यक्ष श्री धन ब. थापा क्षेत्री | ४५००.० | ६७५.० | ३८२५.० |
| | | | उपाध्यक्ष श्री कमला देबी कार्की | ४५००.० | ६७५.० | ३८२५.० |
| | | | प्र.प्र.अ. श्री गणेश दत्त भट्ट | ४५००.० | ६७५.० | ३८२५.० |
| ३१/ शिक्षा चालु | कक्षा ८ परिक्षा संचालन | प्रश्नपत्र निर्माण अनुगमन | प्रा.श. श्री लोकेन्द्र ब. शाही | ३०००.० | ४५०.० | २५५०.० |
| | | ग्रेडसिट छपाई कार्यमा सहभागी भत्ता | श्री लोकेन्द्र बहादुर शाही | २०००.० | ३००.० | १७०० |
| | | | श्री राम प्रसाद जोशी | २०००.० | ३००.० | १७००.० |
| | | | श्री पुष्पा थापा | १०००.० | १५०.० | ८५०.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td>नतिजा प्रकाशन कार्य अनुगमन भत्ता</td><td>प्र.प्र.अ. श्री पदम राज जोशी</td><td>४०००.०</td><td>६००.०</td><td>३४००.०</td></tr>
<tr><td>कक्षा ८ परिक्षा अनुगमन</td><td>६ जना ८ दिन भुक्तानी लिने लोकेन्द्र बहुदर शाही</td><td>४८०००.०</td><td>७२००.०</td><td>४०८००.०</td></tr>
<tr><td rowspan="4">१७६/ गा.पा. चालु</td><td rowspan="4">लैंगिक मुलप्रवाहीकरण सम्बन्धि आधारभुत तालिम</td><td rowspan="4">आधारभुत तालिम अनुगमन</td><td>श्री धन व. थापा क्षेत्री</td><td>२०००.०</td><td>३००.०</td><td>१७००.०</td></tr>
<tr><td>श्री कमला देवी कार्की</td><td>२०००.०</td><td>३००.०</td><td>१७००.०</td></tr>
<tr><td>श्री अम्मर ब. क्षेत्री</td><td>१०००.०</td><td>१५०.०</td><td>८५०.०</td></tr>
<tr><td>श्री प्रेमराज खाती</td><td>१०००.०</td><td>१५०.०</td><td>८५०.०</td></tr>
<tr><td>४२३/ गा.पा. चालु</td><td>अनुगमन भत्ता</td><td>योजना अनुगमन समितिको बैठक भत्ता</td><td>१० जना १६ पटक</td><td>१४१०००.०</td><td>२११५०.०</td><td>११९८५०.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३५५००.०</td><td>३५३२५.०</td><td>२००१७५.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>अनियमित भत्ताः</td><td>७५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका,२०७७(आठौं संस्करण) को बुँदा नं ७.१ मा खर्चको मापदण्ड लगायत कार्यक्रम गरे वापतको विभिन्न शिर्षकमा भत्ताको व्यवस्था गरेको छ ।लेखापरीक्षणको क्रममा कार्यालये देहाय बमोजिम सुपरिवेक्षण भत्ता भनि भुक्तानि लेखेकोले उक्त भत्ता बारे कार्य संचालन निर्देशिकामा व्यवस्था नभएकोले नियमसंगत मान्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>व्यक्तिको नाम</th><th>सुपरिवेक्षण भत्ता दर/दिन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">१९/२०७८-०९-१४(शसर्त अनुदान)</td><td rowspan="2">८ दिने उद्यमशिलता विकास र लैङ्गिक सचेतना तालिम अनुगमन</td><td>गणेश दत्त भट्ट(प्र.प्र.अ)</td><td rowspan="2">१०००/३ दिन</td><td rowspan="2">६,०००.००</td></tr>
<tr><td>हेमराज रेग्मी जोशी(अधिकृत)</td></tr>
<tr><td rowspan="7">२</td><td rowspan="7">४८/२०७८-१२-२१(शसर्त अनुदान)</td><td rowspan="2">गरिबी निवारणका लागि ४० दिने बुनाई तालिम</td><td>पदम राज जोशी(प्र.प्र.अ)</td><td rowspan="2">१०००/१० दिन</td><td rowspan="2">२०,०००.०० </td></tr>
<tr><td>हेमराज रेग्मी जोशी(अधिकृत)</td></tr>
<tr><td rowspan="2">१५ दिने डल बनाउने तालिम</td><td>पदम राज जोशी(प्र.प्र.अ)</td><td rowspan="2">१०००/३ दिन</td><td rowspan="2">६,०००.००</td></tr>
<tr><td>हेमराज रेग्मी जोशी(अधिकृत)</td></tr>
<tr><td rowspan="2">१० दिने कुखुरापालन तालिम</td><td>पदम राज जोशी(प्र.प्र.अ)</td><td rowspan="2">१०००/२ दिन</td><td rowspan="2">४,०००.००</td></tr>
<tr><td>हेमराज रेग्मी जोशी(अधिकृत)</td></tr>
<tr><td>१० दिने बाखापालन तालिम</td><td>पदम राज जोशी(प्र.प्र.अ)</td><td>१०००/२ दिन</td><td>४,०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हेमराज रेग्मी जोशी(अधिकृत) | | |
| ३ | ७१/२०७९-०२-२६(शसर्त अनुदान) | ८ दिने बंगुरपालन तालिम | पदम राज जोशी(प्र.प्र.अ) | १०००/२ दिन | ४,०००.०० |
| | | | हेमराज रेग्मी जोशी(अधिकृत) | | |
| | | ८ दिने तरकारि खेती संबन्धि तालिम | पदम राज जोशी(प्र.प्र.अ) | १०००/२ दिन | ४,०००.०० |
| | | | हेमराज रेग्मी जोशी(अधिकृत) | | |
| | | ८ दिने बाख्रापालन तालिम | पदम राज जोशी(प्र.प्र.अ) | १०००/२ दिन | ४,०००.०० |
| | | | हेमराज रेग्मी जोशी(अधिकृत) | | |
| | | २० दिने सिलाई तालिम | पदम राज जोशी(प्र.प्र.अ) | १०००/२ दिन | ४,०००.०० |
| | | | हेमराज रेग्मी जोशी(अधिकृत) | | |
| ४ | २९६/२०७९-०१-२५(गा.पा. चालु) | वातावरण संरक्षण संबन्धि वडा स्तरीय चेतना मुलक तालिम | २ पदाधिकारी | १५००/३ दिन | ९,०००.०० |
| | | | १ कर्मचारी | १५००/४ दिन | ६,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** ७१,०००.०० | |
| ५७ | | | **लघु उद्यम विकास कार्यक्रमः**<br><br>उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।कार्यायले आ.व. २०७८/७९ मा डल बनाउने,सिलाई कटाई,बुनाई,कुखुरा पालन, बाखा पालन,बंगुर पालन लगायत तरकारी खेती संबन्धि तालिम १३० जनालाई प्रदान गरी रु.१०,८६,७००.०० खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विषेश ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **लघु उद्यम कार्यक्रम संचालनः**<br><br>उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची ३मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु.१३,०३,१००.०० खर्च भएको पाईयो ।कार्यालयले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिक रुपमा मात्र रही कार्यक्रम संचालन गरेको पाईएन ।अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **सौर्य सडक बत्ती जडान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक बत्ती जडान कार्यक्रम अन्तर्गत राज इलेक्ट्रोनिक्सबाट १४५ सेट सोलार प्यानल खरिद गरी रु.९५३६०७।० भुक्तानी गरेको छ । यसरी खरिद गरेको सोलार खरिद कार्य सम्पन्न भएको नापी किताब संलग्न राखी खर्च लेखेको भएता पनि उक्त सोलार पालिकाको जिन्सी दाखिला, सम्बन्धित ठाउँमा जडान वा सम्बन्धित समुदायलाई हस्तान्तरण भएको देखिदैन । यसरी पालिकाले वर्षेनी सडक सोलार खरिद गर्ने तर कुन कुन ठाउँमा जडान भएको हो सो को प्रमाण पालिकामा नराख्दा खरिद र जडान कार्यमा दोहोरोपना हुन सक्ने जोखिम रहन्छ । अतः पालिकालामा जिन्सी सामाग्री दाखिला गर्ने र कहाँ कहाँ कुन अवस्था जडान भएको छ सोको प्रमाण संलग्न गर्नुपर्दछ । | |
| ६० | | | **क्याम्पसलाई अनुदान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत तथा माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन, व्यवस्थापन, नियन्त्रण लगाएतका कार्य गर्न पाउने गरि अधिकार क्षेत्र निर्धारण गरेको छ ।पालिकाले रौलेश्वर बहुमुखि क्याम्पसको अधुरो भवन निर्माणको लागि रु.१४५३०००।० र प्रस्तावनाको आधारमा रु.१५०००००।० समेत रु.२९५३०००।० भुक्तानी गरेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर क्यम्पसलाई अनुदान दिने पदाधिकारीलाई जिम्मेवार बनाई यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६१ | ५७ | २०७८-१०-३ | **सुचना प्रकाशन सम्झौता**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च शिर्षकबाट २०७८।७९ मंसिर देखि असार सम्म सुचना प्रकाशन गर्ने सम्झौता गरी देहायबमोजिमको सञ्चारमाध्यमलाई रु.८०००००।० भुक्तानी गरेको छ । सम्झौता अनुसार कुन कुन समयमा के कस्तो सुचना प्रकाशन गर्ने सम्बन्धि व्यहोरा उल्लेख छैन, त्यस्तै कुन अवधिमा केकस्तो सुचना प्रकाशन/प्रशारण भए त्यसको विवरण पनि संलग्न राखेको देखिएन । कार्य सम्पन्न गरेको भनि एक पानाको प्रतिवेदन दिएको | ८००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएतापनि कुन अवधिमा के कस्तो सुचना प्रकाशन भएको हो, पालिकाको कार्यदिशमा सूचना प्रकाशन भएको हो होइन त्यसको विवरण उपलब्ध नभएकोले विना आधार सूचना प्रकाशनको लागि एकमुष्ठ रुपमा भएको खर्चलाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>सञ्चार माध्यम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td rowspan="2">५७ गा.पा. पूँजीगत</td><td>एन.वि.मिडिया नेटवर्क</td><td>१०००००.०</td><td></td></tr>
<tr><td>२</td><td>जनक्रान्ति नेपाली दैनिक</td><td>१०००००.०</td><td></td></tr>
<tr><td>३</td><td rowspan="2">९६,२९७ गा.पा. चालु</td><td>कंचनपुर खबर</td><td>३०००००.०</td><td></td></tr>
<tr><td>४</td><td>बेलडाँडी पोष्ट</td><td>३०००००.०</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८०००००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यालय</th><th>काम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>प्रहरी चौकी झिलमिला</td><td>मर्मत सम्भार</td><td>१२४९८२.०</td></tr>
<tr><td>२</td><td>इलाका प्रहरी कार्यालय</td><td>कम्पाउण्ड वाल निर्माण</td><td>३८७४४०.०</td></tr>
<tr><td>३</td><td>वि.ओ.पी. क्याम्प झिलमिला</td><td>मर्मत सम्भार</td><td>४९९०६.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>इलाका प्रहरी चौकी</td><td>गोलघर निर्माण</td><td>१४८५२२.०</td></tr>
<tr><td>५</td><td>इलाका प्रहरी कार्यालय</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१०००००.०</td></tr>
<tr><td>६</td><td>नेपाल स्काउट बेलडाँडी शाखा</td><td>टेवल कुर्सि लगाएत कार्यलय सामाग्री खरिद</td><td>८००००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>न्याय सम्पादनको अवस्था<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा यस आ.व.२०७८/७९ मा दर्ता भएको१२ उजुरीमा ७ फर्छ्यौट भई ५ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । बाँकी रहेका उजुरी समेत समयमा नै फस्यौंट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>कानून निर्माणको अवस्था<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा २९ वटा कानुनहरु निर्माण गरेको र चालु आ.व.मा २ वटा कार्यविधि र २ वटा निर्देशिका बनाएको देखिन्छ। गाउँपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन ।नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>आन्तरिक आयको तुलना<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०७८/७९ मा केन्द्रिय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय %</td></tr><tr><td>३१३२१६२५५।५४</td><td>४४८२५५४।१४</td><td>१.४३</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रिय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६६ | | | **अनुगमन भत्ताः**<br><br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ साथै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका,२०७७(आठौं संस्करण) को बुँदा नं ७.१ मा खर्चको मापदण्ड लगायत कार्यक्रम गरे वापतको विभिन्न शिर्षकमा भत्ताको व्यवस्था गरेको छ ।कार्यालयले उल्लेखित ऐन तथा निर्देशिका विपरित देहाय पदाधिकारी तथा कर्मचारीलाई विभिन्न कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको रकम नियम संगत नदेखिएको रु.<br><table><tr><td>**क.सं.**</td><td>**भौ/मिति**</td><td>**कार्यक्रम/प्रयोजन**</td><td>**सङ्ख्या**</td><td>**दर/दिन**</td><td>**भुक्तानी रकम**</td><td>**कैफियत**</td></tr><tr><td>१</td><td>१९/२०७८-०९-१४(शसर्त अनुदान)</td><td>८ दिने उद्यमशिलता विकास र लैङ्गिक सचेतना तालिम अनुगमन</td><td>३ पदाधिकारी लगायत १ कर्मचारी</td><td>१०००/२ दिन</td><td>८,०००.०० </td><td rowspan="2">अनुगमन भत्ता वापत</td></tr><tr><td>२</td><td>९३/२०७९-०३-१२(शसर्त अनुदान)</td><td>सिप विकास तालिम प्रशिक्षण अनुगमन</td><td>४ पदाधिकारी</td><td>१०००/६ दिन</td><td>२४,०००.००</td></tr></table> | १४२,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३१२/२०७९-०२-३०(गा.पा. चालु)</td><td>विभिन्न योजना अनुगमन वापत</td><td>१ पदाधिकारी लगायत ६ कर्मचारी</td><td>१५००/१ देखि १२ दिन सम्म</td><td>१,००,५००.००</td><td></td></tr>
<tr><td>४</td><td>३५९/२०७९-०३-२०(गा.पा. चालु)</td><td>सहकारी लेखा व्यवस्थापन सम्बन्धि अनुगमन</td><td>२ पदाधिकारी</td><td>१०००/५ दिन</td><td>१०,०००.००</td><td></td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,४२,५००.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><br>
रु.हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत वर्षसम्मको बाँकी वेरुजू(C=A-B)</th></tr>
<tr><td>५३६०७</td><td>०</td><td>५३६०७</td></tr>
</table>
</td><td></td></tr>
</table>